म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५७ सोमबार, २१ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 4 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ७ घण्टापछि कान्तिलोकपथ सञ्चालनमा

हेटौंडा, २० बैशाख/पहिरोको कारण अबरुद्ध भएको कान्तिलोकपथ सडक ७ घण्टापछि सञ्चालनमा आएको छ । मकवानपुर र ललितपुरको दुई स्थानमा गएको पहिरो पन्छाएपश्चात् कान्तिलोकपथ सञ्चालनमा आएको हो । मकवानपुरको भीमफेदी गाउँपालिका-८ भ्याङडाँडा र ललितपुरको बागमती गाउँपालिका-४ पाङदुरेमा आइतबार बिहान गएको पहिरो हटाएपछि लोकपथ सञ्चालनमा आएको हो । मकवानपुरतर्फको पहिरो बिहान १० बजे हटाइएको थियो भने ललितपुर तर्फ पौने १२ बजे हटाएर सवारीसाधन सञ्चालनमा ल्याइएको थियो । पानी परेकाले बिहान ५ बजे पहिरो गएको थियो । दुवै स्थानको पहिरो स्थानीय, प्रहरी र सडक विभागले उपकरणको प्रयोग गरेर पहिरो हटाइएको इलाका प्रहरी कार्यालय ठिंगनका प्रहरी नायवनिरीक्षक प्रमोदकुमार साहले बताए ।

### सामाजिक सञ्जाललाई नै आमसञ्चारमाध्यम ठान्ने प्रवृत्तिले समाजमा चुनौती थपियो

# प्रेस अझै पूर्णरुपमा स्वतन्त्र हुन सकेन

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/मे ३ अर्थात् विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले अन्तरक्रिया गरेको छ ।




आइतबार महासंघको सभाहलमा सम्पन्न कार्यक्रममा सञ्चारकर्मी, नागरिकसमाजका प्रतिनिधि तथा सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि तथा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुमागाईंले हरेक वर्ष प्रेस स्वतन्त्रता दिवस मनाइए पनि व्यवहारमा प्रेस अझै पूर्णरुपमा स्वतन्त्र हुन नसकेको बताएका छन् । उनले सरकारबाट प्रत्यक्षअप्रत्यक्षरुपमा मिडियामाथि अंकुश लगाउने प्रयास भइरहेको उल्लेख गर्दै यस्तो प्रवृत्तिले लोकतन्त्र कमजोर हुने बताए ।

प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टले लोकतन्त्र स्थापनामा पत्रकारको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै अहिलको समयमा पत्रकारितालाई नै सबैभन्दा बढी कमजोर बनाउने काम भएको बताए । सामाजिक सञ्जाललाई नै आम सञ्चारमाध्यम ठान्ने प्रवृत्तिले चुनौती थपिएको उनको भनाइ थियो । पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहालले नेपालमा मात्र नभई विश्वभर प्रेसमाथि आक्रमण बढ्दो क्रममा रहेको उल्लेख गर्दै पत्रकारले आफ्नो अधिकार प्रयोग गर्न पाउनुपर्नेमा जोड दिए ।

उनले सरकारले पछिल्लो समय सरकारी सञ्चार माध्यममा मात्रै विज्ञापन दिने निर्णय सरकारकै नीतिविपरित रहेको टिप्पणी गरे । स्वतन्त्र पत्रकार संघका महासचिव सुरेश श्रेष्ठले निष्पक्ष र तथ्यमा आधारित समाचार सम्प्रेषण गर्नुपर्ने आवश्यकता औंल्याए । उनले सन्तुलित समाचार प्रवाह गर्नुपर्ने बताए । महासंघ बागमती प्रदेश समिति सदस्य सुवर्णलाल श्रेष्ठले पत्रकारिता क्षेत्रमा बढ्दो एकपक्षीयताप्रति चिन्ता व्यक्त गर्दै पत्रकारले स्वतन्त्ररुपमा काम गर्न नसकेको अवस्था रहेको बताए ।

प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य पुष्प अधिकारीले प्रेसमाथि नियन्त्रण गर्न खोज्नु लोकतन्त्र र नागरिक अधिकार माथिको प्रहार भएको बताए । उनले मिडियालाई नियन्त्रण होइन, जिम्मेवार ढंगले नियमन गर्नुपर्नेमा जोड दिए । प्रेस चौतारी मकवानपुर अध्यक्ष सरिता दाहालले महिलाका लागि सञ्चारक्षेत्र चुनौती र अवसर दुवै भएको बताइन् । सञ्चारकर्मी प्रमोद सहनीले श्रमको उचित मूल्यांकन नहुँदा पत्रकारले समयमै पारिश्रमिक नपाउने समस्या रहेको बताए । आफूले काम गरेको संस्थाले १० महिनाको पारिश्रमिक नदिएको विषयलाई सम्बन्धित निकायसमक्ष उजुरी दिएपनि सम्बोधन नभएको गुनासो गरे ।

त्यसैगरी गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाले प्रेस स्वतन्त्रता गहन विषय भएको उल्लेख गरिन् । राजनीतिक दलसँग आबद्ध पत्रकारिताले स्वतन्त्रताको मर्म कमजोर बनाउने धारणा राखिन् । ह्यूमन राइट्स मकवानपुरकी प्रतिनिधि कुमारी वाइबाले आवाजविहीनको आवाज उठाउँदा पत्रकारमाथि आक्रमण हुने गरेकोमा चिन्ता जनाइन् । उनले मिडियामाथिको चौतर्फी दमन रोक्न र राष्ट्रको चौथो अङ्गको संरक्षण गर्न आवश्यक रहेको बताइन् ।

कार्यक्रमका सभाध्यक्ष तथा नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले प्रेस स्वतन्त्रताको संरक्षणका लागि सबैपक्ष जिम्मेवार हुनुपर्ने बताए । कार्यक्रममा वक्ताले मिडियामाथि बढ्दो दबाब, असुरक्षा, आर्थिक समस्या, विश्वसनीयतामा आएको कमि तथा सामाजिक सञ्जालसँगको प्रतिस्पर्धा जस्ता विषयमा आवाज उठाएका थिए ।

**प्रेसमाथि सरकारी दमन बढेको भन्दै पत्रकार महासंघद्वारा प्रदर्शन**

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघले आईतवार काठमाडौंको माईतीघर मण्डलामा ऐक्यवद्धता र्‍याली तथा विरोध प्रदर्शन गरेको छ ।

सञ्चारक्षेत्रमाथि भइरहेका विभिन्न प्रकारका दमन र हस्तक्षेपको विरोध गर्दै महासंघले आन्दोलनको स्वरुपअनुसार कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले पछिल्लो समय प्रेस स्वतन्त्रता हननका घटनामा उल्लेख्य वृद्धि भएकोमा गम्भीर चिन्ता व्यक्त गरिन् । महासंघको अनुगमन प्रतिवेदनअनुसार गतवर्ष ७३ वटा प्रेस स्वतन्त्रता हननका घटना भएकामा यसवर्ष त्यो संख्या बढेर १ सय ३१ पुगेको उनले जानकारी दिइन् । अध्यक्ष शर्माले वर्तमान सरकारको १०० दिन पूरा भइसक्दा पनि प्रेस जगतका लागि उत्साहजनक वातावरण नबनेको र बरु राज्यका पछिल्ला गतिविधिले महासंघ सशंकित भएको बताइन् ।

विशेषगरी सरकारी विज्ञापन र सूचना केवल सरकारी सञ्चारमाध्यमलाई मात्र उपलब्ध गराउने सरकारको सचिवस्तरीय परिपत्रले निजी सञ्चारमाध्यममाथि 'आर्थिक नाकाबन्दी' लगाएको महासंघको ठहर छ । यस कदमले लोकतन्त्रको आधारस्तम्भ मानिने मिडियाको मुखथुन्ने प्रयास गरेको र धेरै श्रमजीवी पत्रकारको रोजीरोटी खोसिएको अध्यक्ष शर्माको जिकिर छ । समाचार लेखेकै आधारमा पत्रकारलाई विद्युतीय कारोबार ऐनअन्तर्गत फौजदारी मुद्दा लगाउने र प्रहरीले समाचारको स्रोत खुलाउन दबाब दिने कार्य भइरहेकोमा पनि महासंघले आपत्ति जनाएको छ ।

उनले यसलाई नागरिकको अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रहार र लोकतन्त्रका लागि 'खतराको घण्टी' भनी टिप्पणी गरिन् । अध्यक्ष शर्माले भनिन्, 'पत्रकारले समाचार लेखेकै र बोलेकै आधारमा राज्य र गैरराज्य पक्षबाट दमन भइरहेको छ । लेख्न पाउने अधिकार कुण्ठित गर्ने प्रयास जारी छ ।' र्‍यालीमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य मनोज दवाडी, नेपाल बार एसोसिएसनका अध्यक्ष विजय मिश्र, नागरिक समाजका अगुवा तथा विभिन्न प्रेस संगठनका प्रतिनिधिको सहभागिता रहेको थियो ।

सहभागीले प्रेस स्वतन्त्रताको रक्षा र श्रमजीवी पत्रकारको पेशागत सुरक्षाका लागि नागरिक समाज र मानवअधिकारकर्मीसँग ऐक्यवद्धताको अपिल गरेका छन् । महासंघले विगत १५ दिनदेखि विभिन्न माग राखी आन्दोलन गरिरहेको छ । अन्तर्राष्ट्रिय पत्रकार महासंघ र युनेस्को लगायत संस्थाले नेपालको सञ्चार क्षेत्रमा देखिएको वर्तमान संकट र सरकारी नीतिविरुद्ध ऐक्यवद्धता जनाइरहेको छ । ३१ वर्षअघि अफ्रिकी राष्ट्र नामिबियाको राजधानी विन्डहक सहरमा आयोजित सम्मेलनमा संयुक्त राष्ट्रसंघद्वारा मे ३ तारिखलाई विश्व प्रेस स्वतन्त्रता दिवसकारुपमा मनाउने निर्णय गरिएको थियो ।

मिडिया क्षेत्रका सरोकारवालालाई दायित्व स्मरण गराउने दिवसकारुपमा यो दिनलाई औंल्याउन सकिन्छ । आधुनिक विश्वमा नागरिकलाई सुसूचित गर्ने दिशामा प्रेसको भूमिका सर्वोपरि रहेको छ । प्रेसको भूमिका संकुचित हुने अवस्था आउन नदिन विश्वव्यापीरुपमा यो दिवस मनाउन थालिनु प्रेसप्रति विश्वव्यापी प्रतिबद्धतासमेत हो ।

# वज्रवाराही तीनवर्षे जात्राका अवसरमा सार्वजनिक बिदा



साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/मकवानपुरको थाहा नगरपालिकामा यही वैशाख २१ गते आज (सोमबार) सार्वजनिक बिदा हुने भएको छ । थाहानगर कार्यपालिका बैठकले बज्रवाराही (अजिमा) तीनवर्षे जात्राको अवसरमा बिदा दिने निर्णय गरेको हो ।

थाहानगर प्रमुख प्रशासकीय अधिकृत निरज पौडेलले सूचना जारी गर्दै ऐतिहासिक वज्रवाराही तीनवर्षे जात्राका अवसरमा थाहा नगरपालिकामा सार्वजनिक बिदा दिने निर्णय गरेको बताएका छन् । थाहा नगरपालिकाले सांस्कृतिक पर्व मेला संरक्षणका लागि पर्वका अवसरमा बिदा दिँदै आएको छ । थाहा नगरपालिकास्थित ऐतिहासिक टिस्टुङ बज्रबाराही मन्दिरमा प्रत्येक तीनवर्षमा मनाइने बज्रबाराही जात्रा जारी छ । वैशाख पूर्णिमापछि पर्ने शनिबारबाट सुरु हुने परम्परा अनुसार यसवर्ष जात्रा हिजो शनिबार देखि सुरु भएको हो । तीनदिन सञ्चालन हुने जात्रा थाहा नगर पालिका-६ वडा कार्यालय र स्थानीय गुठी व्यवस्थापन समितिको समन्वयमा सञ्चालन भइरहेको छ ।

जात्राको पहिलो दिन गाउँगाउँबाट देवता ल्याई टिस्टुङस्थित बज्रबाराही पीठमा राखिएको छ । दोस्रो दिन मुख्य दिन गाउँघरबाट बलीसहित पूजा सामग्री ल्याई विधिपूर्वक आराधना गरिएको छ । तेस्रो दिन ल्याइएका देवता पुनः सम्बन्धित गाउँमा फर्काइने परम्परा रहिआएको छ । जात्रा सुरु हुनुअघि पुजारीले एक साताअघिदेखि 'चा पूजा' (रातपूजा) गर्ने चलन रहेको छ । यसअवधिमा मध्यरातमा पीठमा पुगेर विशेष तान्त्रिक विधिअनुसार पूजा गरिन्छ । पूजा प्रक्रियामा सहभागी हुनेले एकअर्कासँग नबोल्ने र पछाडि फर्केर हेर्न नहुने धार्मिक मान्यता रहेको छ ।

जात्राका क्रममा विशेषगरी पशुपंक्षीको बली दिने परम्परा रहेको छ । पहिलो दिन विभिन्न जीवजन्तुको बली दिइन्छ भने दोस्रो दिन पञ्चबली (बोका, हाँस, भाले, राँगा र भेडा) चढाइन्छ । जात्राको अन्तिम दिन बज्रबाराही देवीको खटलाई परिक्रमा गराउँदै देउलाटोलमा ल्याई विधिवतरुपमा जात्रा समापन गरिन्छ । स्थानीय विश्वासअनुसार टिस्टुङकी बज्रबाराहीलाई उपत्यकाको रक्षागर्ने चार बाराहीमध्ये प्रमुख मानिन्छ । ललितपुरस्थित बज्रबाराहीको 'आमा'कारुपमा टिस्टुङ बज्रबाराहीलाई लिइने गरिन्छ ।




# फरार प्रतिवादी पत्रकार न्यौपाने पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/मकवानपुर प्रहरीले फरार प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१०, टिसिएनरोड बस्ने ४५ वर्षीय सन्तोष न्यौपाने रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरकाअनुसार आइतबार दिउँसो करिब २:२५ बजे कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो । उनी विद्युतिय कारोबार ऐन, २०६३ अन्तर्गतको कसुर मुद्दामा संलग्न रहेका थिए । मकवानपुर जिल्ला अदालत, हेटौंडाले बैशाख १५ गते पक्राउ अनुमति प्रदान गरेपछि उनी फरार रहेका थिए । प्रहरीले अनुसन्धानका क्रममा उनलाई फेला पारी नियन्त्रणमा लिएको जनाएको छ । पक्राउ परेका न्यौपानेमाथि थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

### बागमती गोल्डकपः

# साबिक बिजेत चर्च ब्वाईज सर्लाहीसँग स्तब्ध



साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/मकवानपुरको बागमती गाउँपालिकामा जारी बागमती गोल्डकपमा सर्लाहीको बागमती युथ क्लबले चर्च ब्वाइज युनाइटेड, ललितपुरलाई पराजित गरेको छ ।

आइतबार सहिदस्मृति रंगशालामा भएको खेलमा बागमतीले साविक विजेतासमेत रहेको चर्च ब्वाइजलाई २-१ गोलले हराएको हो । चर्च ब्वाइजका लागि सुशन मगरले ११ औं मिनेटमा गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । बागमतीका लागि अनिष महर्जनले खेलको २८ मिनेटमा र कप्तान आयुष मगरले ८८ औं मिनेटमा पेनाल्टीमार्फत् गोल गरे । प्लेयर अफ दि म्याच बागमतीका लागि पहिलो गोल गर्ने महर्जन घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे ।

बागमती युथले अब सेमिफाइनलमा फ्रेन्डस क्लब, ललितपुर र प्लानिङ ब्वाइज युनाइटेड, काठमाडौंबीचको विजेतासँग खेल्नेछ ।

प्रतियोगिताको सेमिफाइनल खेल २३ गते र २४ गते हुनेछ भने फाइनल खेल बैशाख २६ गते हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउनेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

साझाकुरा

## हाम्रो कुरा

# देउतालाई जाँड खुवाउने मेला

मकवानपुरको थाहा नगरपालिका-६ टिष्टुङ बज्रबाराहीमा हरेक तीनवर्षमा तीन दिनसम्म लाग्ने बज्रबाराही जात्रा शनिबारदेखि सुरु भएको छ । चण्डीपूर्णिमा अर्थात वैशाख पूर्णिमाको दिनदेखि बज्रबाराहीको जात्रा सुरु हुन्छ । धार्मिक आस्था र मान्यताअनुसार यो मेलाको प्रसाद खाँदा स्वस्थ्य हुने र रोगव्याधि निको हुने विश्वास छ । यो दिनमा खुवाइने जाँड पहिले देउला समुदायले खान्छन् र त्यहीँ जुठो जाँड देवतालाई खुवाइने स्थानीय बताउँछन् । त्यो जाँड पछि अन्य सर्वसाधारणलाई पनि बाड्ने चलन छ । जात्राको पहिलो दिन गाँउबाट देवताहरु ल्याएर टिष्टुङस्थित बज्रबाराही पीठमा राख्ने गरिन्छ । पूर्णिमापछिको शनिबारका दिन यहाँका बस्तीका प्रत्येक घरबाट बलीसहित पूजासामग्री ल्याएर दिनभर पूजा गर्ने गरिन्छ । तेस्रो दिन गाँउबाट ल्याइएका देवता फर्काइन्छ । उपत्यकालाई रक्षागर्ने चार बाराहीमध्ये एक ललितपुरस्थित बज्रबाराहीको मन्दिर नेपाल सम्वत ७८६ मा निवास मल्लले बनाउन लगाएको इतिहास छ । टिष्टुङमा बज्रबाराहीलाई ललितपुरको बज्रबाराहीको आमाको रुपमा लिने गरिन्छ । यहाँ प्रत्येक तीनवर्षको अन्तरालमा वैशाख पूर्णिमापछिको शनिबार पारेर जात्राको सुरुवात हुने परम्परा छ ।

थाहा नगरपालिका-६ नम्बर वडा कार्यालय र स्थानीय गुठी व्यवस्थापन समितिले जात्राको व्यवस्थापन गरिरहेको वडाध्यक्ष राजनभक्त श्रेष्ठले बताए । तान्त्रिक विधिअनुसार पूजाआजा गर्नुका साथै टिस्टुङ क्षेत्रको इस्टदेवता नै बज्रबाराही भएकाले आराधाना गर्दा मात्र मानवकल्याण हुने जनविश्वास छ । गुठीको नाममा रहेको २ सय ४ रोपनी जग्गाको आयस्रोतले जात्रा र गुठी संचालन हुँदै आएको छ । जात्रामा यसक्षेत्रका विभिन्न जातिहरु आआफ्नै भेषभूषा, संस्कृति र बाजागाजाकासाथ सहभागिता जनाउँछन् । जात्रा संचालन र ब्यवस्थापनका लागि १३ वटा गुठी संचालनमा छन् । एउटा गुठी नेपाल सरकारका नाममा संचालित छन् । गणेश गुठी, कुमारी गुठी, बाराही गुठी, ईन्द्रायणी गुठी, भैरव गुठी, बाजा व्यवस्थापन गुठीलगायत गुठी छन् । जात्राका बेलामा बाराहीपीठमा बली दिनका लागि पहिले नै दुईवटा राँगा खुलारुपमा छाडिएको हुन्छ । यसरी छाडिएको राँगालाई कुट्न, लखेट्न र थुन्न हुँदैन भन्ने मान्यता छ । छाडिएका राँगाहरु जहाँ पुगेपनि स्थानीयले पिठोलगायतका खानेकुरा खुवाएर पठाउने गर्छन् । जात्रा सुरु हुनुपूर्व पूजारीले आइतबारदेखि शुक्रबार सम्म मध्यरात मन्दिरमा (पीठ) मा गएर पूजा गर्छन् । जसलाई 'चा'पूजा भनिन्छ । 'चा' भनेको नेवारी भाषामा रात हो । 'यसरी 'चा' पूजा अर्थात् रात पूजा गर्न जानेहरु दुबै जना घर नफर्केसम्म एकअर्कासँग बोल्न हुँदैन, पछाडि फर्केर पनि हेर्नु हुँदैन' स्थानीयवासी महेश्वर महर्जनले भने, 'त्यसको भोलिपल्ट देवीको पूजा गरिन्छ । तान्त्रिक विधिबाट क्षमापूजा गरेपछि स्थानीय कर्माचार्यमध्ये जसलाई देवता चढ्छ उसलाई नै खड्ग दिइन्छ । ऊ नै ख:द्यो बन्न पाउँछ । यसरी ख:द्यो चयन भएपछि उसले सेतो जामा र सेतो बेताली लगाएर खड्ग बोकी काम्दै बाहिर निस्कन्छन् । जात्राको पहिलो दिनको मध्यरातमा विशेष पूजा गरिन्छ ।

पूजा गरेको हेर्नका लागि धेरै मान्छे राति नै उठेर मन्दिर जाने गर्छन् । यो पूजाअन्तर्गत सुरुमा देउला समुदायले ल्याएको पूजा गरिन्छ जसलाई सरकारी पूजाको रुपमा लिइन्छ । यो पूजामा सर्प, भ्यागुतो, हाँस, भेडा, कीराफट्याङग्रा, माछा, चरा, भाले, बोका र राँगालगायतको बली दिइन्छ । यसरी बली दिनका लागि हरेक जीवको भाले-पोथी जोडी नै पीठ (मन्दिर)मा लगिन्छ । भालेलाई बली दिइन्छ भने पोथीलाई मन्दिरस्थलमा छाडिन्छ । आइतबारको दिनलाई जात्राको मुख्य दिन मानिन्छ । यो दिन टाढाटाढाबाट दर्शनार्थी आउँछन् । जात्राको दोस्रो दिन बिहान झिसमिसेदेखि नै बली दिन सुरुहुन्छ । पञ्चबली दिनेहरुले पनि यहीदिन पूजा गर्छन् । पञ्चबलीमा बोका, हाँस, भाले, राँगा र भेडाको बली दिइन्छ । यहीदिन तीन वर्षदेखि भाकल राखेकाहरुले बलीपूजा गर्छन् । मन्दिरमा पशुपन्छी मात्रै होइन फलफूल पनि उत्तिकै चढाइन्छ । पूजा सकिएपछि अघिल्लो राति बली दिइएका दुईवटा राँगाका मुटु र बोकाको टाउको यज्ञमा होमिन्छ । विशेष मन्त्रोच्चारण गर्दै यज्ञ गर्ने चलन छ । यो यज्ञपश्चात बाराहीको शक्तिपीठमा बली दिइँदैन । जात्राको तेस्रो अर्थात अन्तिमदिन सर्वप्रथम पीठमा बली दिई छाडिएका जीवहरुको टाउको संकलन गरिन्छ । त्यसपछि देवतालाई फूलपातीले छोप्ने र त्यसमाथि मासु र भातले छोप्ने चलन छ । त्यही मासु र भातलाई देवता फर्काउनुअघि प्रसादका रुपमा बाँडिन्छ । प्रसाद लिनेहरुको भीड हुने भएकाले पूजारीले माथिमाथि र टाढाटाढासम्म फयाँकेर प्रसाद दिने गर्दछन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २२ गते मंगलबार ५ मे २०२६ । चतुर्थी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२४ सूर्यास्त ६:३९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक लाभ | तुला | : धर्मबाट सन्तोष |
| वृष | : विदेशबाट लाभ | वृश्चिक | : कार्यमा अवरोध |
| मिथुन | : आफन्तमा विवाद | धनु | : स्वजनबाट विरोध |
| कर्कट | : स्थानान्तरणको योग | मकर | : शैक्षिक कार्यमा बाधा |
| सिंह | : सन्तान पक्षबाट नैराश्यता | कुम्भ | : सन्तान पक्षबाट सन्तोष |
| कन्या | : पराक्रम वृद्धि | मीन | : आफन्तमा विवाद |

# अव्यवस्थित बसोबास हटाउँदा उब्जिएका केही प्रश्न



श्यामप्रसाद मैनाली

गत ११ गते शुक्रबारका दिन सुकुम्बासी क्षेत्रहरूमा सुरक्षा बलले सीसीटीभी जडान गऱ्यो । बिहीबार नै अव्यवस्थित रुपमा नदीकिनारामा बसिराखेका अव्यवस्थित बसोबासीहरुलाई उक्त स्थान छाडी सुरक्षित स्थानमा जान र आफ्ना सामानहरु सबै सुरक्षित गर्न सूचित गरेको थियो । सरकारले त्यही दिन माइकिङ गर्दा वास्तविक सुकुम्बासीहरूलाई व्यवस्थित तवरले बसोबास गराउने प्रतिबद्धता पनि व्यक्त गरेको थियो । शनिबारका दिन बिहान सुरक्षाकर्मीहरुको ठूलो संख्या अव्यवस्थित बसोबास गरेको स्थान थापाथली नदीकिनारामा पुग्यो । अधिकांश व्यक्तिले स्थान छाडिसकेका थिए । जो त्यहीँ बसेका थिए, उनीहरू अबको बसोबास कहाँ हुने हो ? भन्ने हिसाबमा अन्योलग्रस्त देखिए । यस अवधिमा थापाथली क्षेत्रमा सुकुम्बासीको दाबी गर्दै बसिराखेकाहरूमध्ये ४७ जनाको देशको विभिन्न स्थानमा घर-जग्गा भएको विवरण पनि सामाजिक सञ्जालहरूमा प्रसारित भएका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीको कार्यालयमा पुगेर नाराबाजी गर्नेहरू र थापाथली क्षेत्रमा ठूलो स्वर मच्चाउनेहरु प्राय: सबै यही अन्यत्र घरजग्गा हुनेहरुको समूहले नेतृत्व गरिराखेको देखिन्थ्यो । बालेन सरकारको कार्यसम्पादन अत्यन्त चुस्त देखिँदै छ । निर्वाचनको समयमा गरिएका प्रतिबद्धतालाई सरकारमा रहँदा इमानदारितापूर्वक कार्यान्वयन गर्न प्रधानमन्त्री लागिपरेका छन् । उक्त दलको १०० बुँदे प्रतिज्ञापत्रको ९१ र ९२ दुईवटा बुँदाहरूमा अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने बाचा गरिएको थियो । प्रधानमन्त्रीले निर्वाचनको समयमा आफूले गरेका प्रतिबद्धताहरूलाई सरकारमा रहँदा कार्यान्वयनमा जानै पर्ने गरी गायत्री मन्त्रका रुपमा स्वीकार गरेको देखिँदै छ ।

थापाथली क्षेत्रका सबै अव्यवस्थित बसोबासीहरूलाई त्यहाँबाट हटाई त्यहाँ बनेका अस्थायी र स्थायी संरचनाहरू सबै भत्काइसकेको अवस्था छ । गैरीगाउँ क्षेत्र र मनहरा खोलाका किनारमा रहेका अव्यवस्थित बसोबासीहरूलाई पनि खाली गराइसकेको देखिन्छ । वर्तमान सरकारको यो कदमलाई स्वार्थकेन्द्रित समूहबाहेक अन्य सबैले मुक्तकण्ठले प्रशंसा गरेका छन् । यस प्रकारका काम कारबाहीहरूको निरन्तरता सबै पक्षबाट अपेक्षा गरिएको छ । सरकारका क्रियाकलापहरूलाई सर्वत्र प्रशंसा गरिएको अवस्था छ ।

**अव्यवस्थित बसोबास क्षेत्रको दृश्य :**

सञ्चारमाध्यमबाट प्रसारित भएका दृश्यहरू हेर्दा सर्वसाधारण सबैले गरेको अपेक्षा प्रतिकूल उक्त क्षेत्रहरू खाली हुँदै थिए । लामो समयदेखि समस्याग्रस्तरुपमा रहेका ती क्षेत्रमा प्रधानमन्त्री बालेनले आफू मेयर भएको समयमा खाली गराउन चाहँदा हातहतियारसहित महानगरका सुरक्षाकर्मीहरूमाथि हमला गर्दै उक्त क्षेत्रबाट पलायन हुन बाध्य पारेका थिए । त्यस समय मेयर बालेनले तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई सहयोगको लागि याचना गर्दा संघीय सरकार अव्यवस्थित बसोबासीहरूको पक्षमा खडा भएको थियो । यही कारण बालेनको अभियान असफल भएको थियो । अहिले बालेन आफैं प्रधानमन्त्री छन् । उनलाई उपयुक्त र कानुनसम्मत काम गर्न कहीँ कतैबाट सहयोगको याचना गर्नुपर्ने अवस्था छैन । यही कारणले पनि अव्यवस्थित बसोबासीहरूको मनोविज्ञान त्यहाँबाट हट्नुपर्ने बनेको हुनुपर्छ ।

मनोबल गिरेको एमाले दलबाट यस समयमा यी अव्यवस्थित बसोबासीहरूका पक्षमा सहयोग गर्न सक्ने अवस्था त्यहाँका बसोबासीहरूले देख्न सकेनन् । सरकारसँग मुठभेड गर्दा ठूलो क्षति हुने सम्भावना स्पष्ट थियो । यद्यपि सरकारले बल प्रयोग नगर्ने सौहार्दताका साथ अव्यवस्थित बसोबासलाई व्यवस्थित तवरले बसोबास गराउने प्रतिज्ञा गरेको थियो । यसलाई दुईवटा कोणहरुबाट हेर्दा विश्वास गर्न सक्ने अवस्था थिएन । किनकि यसअघिका सरकारहरूले पनि त्यस क्षेत्रका बासिन्दाहरूसँग यस्ता प्रकारका थुप्रै प्रतिबद्धता गरेका थिए । ती प्रतिज्ञाहरु कति उपयुक्त थिए वा थिएनन् ? आफ्नै ठाउँमा छन् । तर त्यसको कार्यान्वयन सरकारले गरेन ।

दोस्रो कोणबाट हेर्दा त्यहाँ अतिक्रमण गरी बसेका जो वास्तविकमा सुकुम्बासी होइनन्, उनीहरुको संख्या ठूलो थियो । उनीहरू स्वार्थ केन्द्रित थिए । तिनीहरूले आफूले लिइरहेको फाइदाबाट विमुख हुनुपर्ने परिस्थिति थियो । लामो समयदेखि अतिक्रमण गरी बसोबास गरिराखेका यी स्वार्थलोलुप झुन्डहरुले अन्य सबै बसोबास गरिरहेकाहरुलाई विश्वस्त बनाई आन्दोलनमा खडा हुन प्रेरित गर्न सक्थे । यदि यो अवस्था आएको भए त्यहाँ ठूलै मुठभेड हुने थियो । धनजनको क्षति हुन सक्ने सम्भावना पनि उत्तिकै थियो । तर बालेनजी नै प्रधानमन्त्री भएको कारण र राजनीतिक दलहरूले आफ्नो दलको रोटी सेक्ने अभियानसहित त्यहाँ उपस्थिति दिन सक्ने अवस्था नबनेकाले पनि यी अतिक्रमणकारीहरूको मनोबल गिरेको हो । यिनै कारणले गर्दा बसोबास सबै खाली गर्न सरकारलाई सहज बनेको हो । यसमा कुनै दुविधा छैन । अर्को रोचक दृश्य देखियो । सुरक्षाकर्मीहरूले असली राष्ट्रसेवकको दृष्टान्त प्रस्तुत गरे । उनीहरुले त्यहाँबाट विस्थापित गराउनुपर्ने परिवारहरूलाई उनीहरूको सामग्रीहरू आफैँले बोकेर व्यवस्थित तवरले राखिदिएको दृश्य रोचक र उदाहरणीय थियो ।

**अभियानबाट सृजित केही प्रश्न :**

सबैभन्दा पहिला त्यस क्षेत्रका बसोबासीहरूलाई हटाउनुपर्दा दुई वर्गमा वर्गीकृत गर्न सकिन्थ्यो । पहिलो अन्यत्र घरजग्गा भएका पेसेवर भूमाफियाका रुपमा अस्तित्वमा आएका व्यक्तिहरू पहिचान गर्नुपर्थ्यो । जसरी ४७ जनाको सहजै पहिचान बन्न सक्यो, सरकारले चाहँदा एकै दिनमा त्यो स्पष्ट गर्न सकिन्थ्यो । बाँकी रहेकाहरूमा वास्तविक सुकुम्बासीहरूको संख्या कति हो ? त्यो यकिन गरेर उनीहरूलाई एक चरणमा वार्ता गरी बसोबास गराउन सरकारले सक्थ्यो । एकैपटक सुरक्षाकर्मी तैनाथ गर्नुपर्ने थिएन । यसतर्फ सरकारको पर्याप्त ध्यान नपुगेको अवस्था छ ।

दोस्रो हो, सुकुम्बासी भनेका को हुन् र को होइनन् ? यसबारेमा स्पष्ट गर्नुपर्दथ्यो । घरजग्गा नहुने सबै सुकुम्बासी हुन् वा होइनन् ? अन्तर्राष्ट्रिय अभ्यासहरू हेर्दा अव्यवस्थित बसोबास गरिराखेकाहरूलाई पनि सुकुम्बासीको परिभाषाभित्र राखेको देखिन्छ ।युएन ह्याबिट्याटले सुरक्षित आवास, पर्याप्त बस्ने ठाउँ, सरसफाइ र कानुनी स्वामित्व नभएकाहरूलाई सरकारले संरक्षण दिनुपर्छ भनेको छ । घरजग्गा नभए पनि जीवनयापनको स्तरलाई यसले आधार मान्छ । नेपालमा यस परिभाषालाई स्वीकार गर्न सम्भव छ या छैन ? चिन्तनको विषय बन्छ । जुन ठाउँमा बसेका छन्, त्यही ठाउँमा सुधार गरेर व्यवस्थित गरिदिने अभ्यास रियो दि जिनेरियो सम्मेलनले गरेको छ । बसिराखेको जमिनलाई नै कानुनीरुपमा स्वामित्व प्रदान गर्ने पनि गरिन्छ । थाइल्यान्डले यसलाई प्राथमिकतामा राखेको छ ।

यस्तै अर्को स्थानमा स्थानान्तरण गरेर व्यवस्थित गर्ने प्रचलन पनि प्राय: धेरै देशमा देखिन्छ । तर सबैभन्दा असफल प्रचलन पनि यही देखिएको छ, किनकि सुकुम्बासीहरू पुन: फर्किएर सोही स्थानमा आउने सम्भावना प्रबल रहन्छ । अन्तर्राष्ट्रिय मान्यताअनुसार वैकल्पिक व्यवस्था नगरी सुकुम्बासीहरूलाई जबर जस्ती हटाउन निषेध गरिएको छ । हामीले अन्तर्राष्ट्रिय मूल्य र मान्यताका आधारमा अव्यवस्थित बसोबासीहरूलाई हटाउन खोजेको हो भने यी अभ्यासलाई गम्भीरताका साथ लिनुपर्दछ ।

तेस्रो हो, हामीले स्थानान्तरण गर्न खोजेको देखिँदै छ । स्थान्तरण गर्दाखेरि वास्तविक सुकुम्बासीलाई रोजगारीका अवसरहरु प्राप्त हुने ठाउँमा गरिनुपर्दछ । नेपालका विगतका केही अनुभवहरुले सुकुम्बासीहरुलाई जग्गा उपलब्ध गराउँदा बजार क्षेत्रबाट टाढा पठाउँदा सरकारी लगानी डुबेको, उनीहरु त्यस्तो घरलाई अस्वीकार गरी पुन: बजार क्षेत्रमै प्रवेश गरेका उदाहरणहरु देख्न सकिन्छ । यसतर्फ सरकारको ध्यान यथासमयमा जानुपर्छ ।

चौथो हो, छानबिन गर्दा लामो समयदेखि सरकारी जमिन अतिक्रमण गरेर बसिराखेकाहरुलाई त्यस क्षेत्रबाट हटाएर मात्र पुग्दैन । उनीहरुले कुन समयदेखि त्यस स्थानमा अतिक्रमण गरेर घर बनाई भाडामा लगाएर लाभान्वित भइराखेका हुन् ? त्यो सबै रकम सरकारी बाँकीसरह असुल गर्नेतर्फ सरकारले कारबाही गर्ने कि नगर्ने ? किनकि यिनै भूमाफियाहरूका कारण देशका विभिन्न स्थानमा यो समस्या विकराल बन्दै गएको हो । यदि आउँदा दिनहरूमा यो समस्याको निराकरण गर्ने हो भने यस्ता धमिराहरुलाई कारबाहीको दायरामा ल्याउनुपर्छ ।

पाँचौं हो, पेसेवर सुकुम्बासीहरूले समस्या सिर्जना गरेका छन् । यसअघि पनि सुकुम्बासी आयोगका नाममा थुप्रै जमिन वितरण भएको थियो । ती जमिनको दुरुपयोग गर्दै पुन: सार्वजनिक जमिन अतिक्रमण गरी यसैलाई पेसाको रुपमा लिने निश्चित वर्ग नै त्यसमा तयार भएको छ । यिनीहरूको पहिचान हुनुपऱ्यो । यही हुकुम्बासी वर्गलाई आजका दिनसम्म राजनीतिक दलहरूले संरक्षण दिइरहेका हुन् । यही कारणले उनीहरूको मनोबल बढेको हो । तसर्थ घरजग्गा नहुने मात्रै सुकुम्बासी हुँदैनन् । उनीहरूको रोजगारीको अवस्था, आयआर्जन गर्न सक्ने र गरिराखेका परिवारहरूको सदस्य संख्या, जीवनयापनको स्तर, उनीहरूको चल सम्पत्तिको विवरणको अनुसन्धान जरुरी हुन्छ । यसका लागि बैंक र वित्तीय संस्थानहरूबाट उनीहरू र उनीहरूका परिवारका नाउँमा नजिकका नातागोताको नाउँमा के कति कस्तो प्रकारको सम्पत्ति रहेको छ ? त्यसको पनि अनुसन्धान हुनु अत्यावश्यक छ । यदि अतिक्रमणकारीहरूकै परिवारका सदस्यहरूको नाउँमा बैंकमा नगद बचत देखिएको अवस्थामा उनीहरूको बैंक खाता पनि रोक्का गर्नुपर्छ । कारबाही अघि बढाउनुपर्छ, किनकि यिनीहरु अपराधीहरु हुन् । समाजमा द्वन्द्व आमन्त्रण गर्ने पेसागत समूह हुन् ।

छैटौं प्रश्न हो, सुकुम्बासीहरूलाई बसोबास र खान लाउनको व्यवस्था गरेर मात्र पुग्दैन । शिक्षा, स्वास्थ्यजस्ता विषयलाई पनि पर्याप्त ध्यान दिनुपर्छ । यस अर्थमा यो काम राष्ट्रका लागि धेरै खर्चिलो र जटिल पनि हुन सक्छ । तर लोकतान्त्रिक देशको नाताले मानव अधिकार प्रति पूर्ण प्रतिबद्ध रहनु र लोकतान्त्रिक राष्ट्रको रुपमा नेपालको यो अहं कर्तव्य हुन आउँछ ।

सातौं हो, सरकारले काठमाडौँ उपत्यकामा मात्र यो समस्याको समाधान गरेर पुग्दैन, राष्ट्रभर कहाँ के कति संख्यामा अव्यवस्थित बसोबासीहरू रहेका छन् ? तिनीहरूको आँकडा लिनुपर्छ । सबैलाई समान रुपले व्यवस्थापन गर्दै समस्याको समाधान गर्ने कर्तव्य सरकारको हुन्छ । प्रतिज्ञापत्रमा उल्लेख भएअनुसार ६० दिनभित्रै यी सबै समस्याको समाधान सरकारले गर्न सक्दैन । तर प्रतिबद्धता अनुरुप कार्य सम्पन्न गर्नुपर्छ । यसतर्फ प्रधानमन्त्रीको ध्यान जानु जरुरी छ ।

**निष्कर्ष :**

हालसम्म राजनीति नै यस्तो समस्याको सिर्जना गर्ने कारक देखिएको छ । सर्वदलीय सहमतिका आधारमा यो समस्याको स्थायी समाधान गर्नुपर्दछ । कुन-कुन दलको यस सन्दर्भमा के धारणा हो ? नेपाली जनताले स्पष्ट हुन पाउनुपर्छ । अन्यथा सरकार परिवर्तन भएपश्चात् यो समस्या पुन: यथावत् हुन सक्छ । विगतमा जग्गा बाँडिर हँदा सुकुम्बासीहरूको संख्या थप हुँदै जानुले यही कुराको पुष्टि गर्छ । बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा नागार्जुन क्षेत्रमा बनाइएका आबास गृहहरू खाली छन् । २२४ परिवारलाई उक्त भवनमा व्यवस्थित तवरले राख्न सकिन्छ । त्यस स्थानबाट सुकुम्बासीहरू रोजगारीका लागि शहर आउन सक्छन् । यसलाई उपयोग गर्नुपर्दछ । अव्यवस्थित बसोबासीहरूको संख्या ८६७ हजार ३३५, भूमिहीन दलितको संख्या ८८,५०९, भूमिहीन सुकुम्बासीहरूको संख्या १,६७,८०६ रहेको देखिन्छ । यसमा थपघट भएको रहेछ भने सोसमेत स्पष्ट गरी सरकारले समस्याको समाधान गर्नुपर्छ ।

जग्गा दिँदा उक्त जग्गा बिक्री वितरण गर्न नपाउने, आफैँले आर्जन गरेकोबाट कुनै अचल सम्पत्ति जोडिएको रहेछ भने मात्र बिक्री वितरण गर्न पाउने व्यवस्था गर्नुपर्छ । हालसम्म सुकुम्बासीका नाउँमा राष्ट्रले ४४ हजार बिघा जमिन बाँडिसकेको छ तर समस्या यथावत् छ । त्यसैले समस्या देशको अस्वस्थ राजनीतिमै छ । यसतर्फ राजनीति गर्नेहरूले ध्यान दिनु अत्यावश्यक छ । तर यो समस्या धेरै ठूलो होइन । किनकि अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले २०७९ सालमा तयार पारेको प्रतिवेदनलाई आधार मान्ने हो भने उपत्यका नदीकिनारामा ३,४९६ घरधुरी अपेक्षितरुपमा बसोबास गरिरहेका छन् । तीमध्ये काठमाडौँ महानगरभित्र २,२४५, कागेश्वरी नगरपालिकामा ९०, बूढानीलकण्ठमा १५६, ललितपुर महानगर भित्र १७ र भक्तपुर नगरपालिकामा ७७३ परिवार छन् ।

थापाथलीमा रहेका १४० परिवारहरू मध्ये अधिकांश स्वेच्छाले नै स्थान छाडी गएका थिए । जम्मा २३ परिवारले सरकारसमक्ष व्यवस्थित बसोबासका लागि अनुरोध गरेका छन् । यो संख्या अव्यवस्थित बसोबासीहरूको संख्याको दृष्टिमा अत्यन्त सानो हो, त्यसैले देशभर सुकुम्बासीका नाउँमा सार्वजनिक जमिन अतिक्रमण गरेर बसिराख्नेहरू अधिकांश भूमाफियाहरु हुन् । यस अर्थमा सरकारलाई सानो संख्यामा सुकुम्बासीहरूको समस्या समाधान गर्न पर्ने स्थिति छ । तर सरकारमा रहनेहरूको पनि इमानदारितामा यी सबै कुरा निर्भर गर्दछ । हालसम्म प्रधानमन्त्रीका कदमहरू अब्बल देखिएकाले यो समस्या समाधान गर्नको लागि पनि वर्तमान सरकार सफल हुनेछ भन्ने आशा एवं विश्वास गर्न सक्ने अवस्था छ । सबैले सरकारलाई सहयोग गरौँ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सत्ताद्वारा निर्माण गरिएको अल्गोरिदममा प्रेस भयभीत छ

विनोद दुङ्गेल

जब परिवर्तनको नाममा सत्तामा आएको सरकार प्रेसविरुद्ध दमनको हतियार उठाउन थाल्छ, तब बुझ्नुपर्छ- केवल राजनीतिक रूपमा होइन, संरचनागत रूपमै केही गम्भीर गल्ती भइसकेको छ । काठमाडौंको मेयरबाट राष्ट्रिय स्वतन्त्र पार्टीको नेतृत्व गर्दै सत्तामा पुगेका नेपालका नवनिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाह सामाजिक सञ्जालको लहरमा सवार भएर, टकरावको राजनीतिबाट आफ्नो छवि बनाएका व्यक्ति हुन् । उनको राजनीति सधैं व्यक्तिगत, प्रत्यक्ष र निर्मम रहिआएको छ । अहिले उनको निशाना बदलिएको छ । कुनै बेला उनको आक्रामकता नोकरशाहीको जडता र सहरी दुर्व्यवस्थातर्फ थियो, त्यो अहिले लोकतान्त्रिक संस्थाहरू, निजी सञ्चारमाध्यम, ज्येष्ठ नागरिक, प्रतिपक्षी दलहरू र सरकारको दिशामाथि प्रश्न उठाउने जोसुकैतर्फ फर्किएको छ ।

संकेतहरू छिटो-छिटो आइरहेका छन् । सरकारको सबैभन्दा प्रारम्भिक र सबैभन्दा निर्णायक कदमहरूमध्ये एउटा थियो- निजी सञ्चार माध्यममा सरकारी विज्ञापन बन्द गर्ने निर्णय । जुन मिडिया परिदृश्यमा सरकारी विज्ञापन खासगरी साना संस्थाहरूको सास हो, त्यहाँ आलोचनात्मक आवाजलाई आर्थिक घाँटी थिचेर चुप लगाउने प्रयास जारी छ । सरकारी विज्ञापन वितरणका मामिलामा विभिन्न कोणबाट बहस गर्न सकिन्छ तर मन्त्रिपरिषद्का सबै मन्त्रीहरू बालेन-पथमा चलिरहेका देखिन्छन् । यो मामिलामा उनीहरूले एउटा स्पष्ट सन्देश दिइरहेका छन्- हामीलाई स्वतन्त्र मिडिया चाहिँदैन, सरकारी भए पुग्छ र खासगरी सामाजिक सञ्जाल भए अरू केही पनि चाहिँदैन । यो सबैको बीचमा, सामाजिक सञ्जाल प्रधानमन्त्रीको मनपर्ने रणभूमि बनेको छह जहाँ युवाहरूलाई परिचालन गरिन्छ, भाष्यहरू निर्माण गरिन्छन् र आलोचकहरूलाई सरकारले लगाम कस्न कुनै चासो नदेखाएको जसरी साइबर सेनाको प्रयोग गरिन्छ । मौनताको संस्कृतिको प्रारम्भिक निर्माण गर्ने यसरी नै हो । र, यो भव्यतापूर्वक गरिँदैछ । नूतन पुस्ताले हालै सम्पन्न गरेको भदौरे विद्रोहको मौका पारेर मिडियाविरुद्ध गरिएका केही घटनाहरू यस सरकार गठनको पूर्वाभ्यासमा भएका थिए । ती घटनाले एउटा यस्तो वातावरण स्थापित गरे, जसमा अहिले नेपालको प्रेस स्वतन्त्रताको अभ्यास भइरहेको छ ।

**त्यो एक विशाल भ्वाङ**

भदौरे विद्रोहका बेला, एक दर्जनभन्दा बढी सञ्चारमाध्यम र पत्रकार संगठनका कार्यालयहरूमाथि आक्रमण भयो । आगो लगाइयो वा तोडफोड गरियो । नेपालको मिडियाको इतिहासमा प्रमुख निजी मिडिया समूह कान्तिपुर मिडिया ग्रुपको थापाथली र तीनकुने परिसर जलेको दृश्य सबैभन्दा भयानक दृश्यका रूपमा स्थापित छ । अन्य करिब दुई दर्जन सञ्चार गृहहरूमा साना-ठूला आक्रमण भए । सिंहदरबारभित्रै रहेको रेडियो नेपाल र नेपाल टेलिभिजनका कार्यालयहरूमा आक्रमण भए । आगजनीको एक दिनअघि, तत्कालीन संसद् भवन रहेको वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र अगाडि भएको हताहती र आगजनी घटनाको रिपोर्टिङ गरिरहेका केही पत्रकार प्रहरीले दागेका रबर बुलेटबाट घाइते भए ।

जनप्रदर्शनहरूलाई हिंसात्मक रूपमा दबाउँदा तत्काल कम्तीमा १९ जनाले ज्यान गुमाए । भोलिपल्टसमेत गरी देशव्यापी रूपमा चलाइएका आगजनी र तोडफोडका घटनामा परी पौने एक सय जनाले ज्यान गुमाए । पत्रकारहरूमाथि गोली चलाइयो । समाचार कक्षहरू जलाइए । र, यो सबै त्यस देशमा भयो, जसको संविधानले आफ्नै प्रस्तावनामा 'पूर्ण प्रेस स्वतन्त्रता' को घोषणा गरेको छ । दुनियाँका उदाहरणहरूलाई हेर्दा पनि संवैधानिक वाचा र जीवन्त यथार्थबीचको खाडल नै पत्रकारितामा सबैभन्दा खतरनाक ठाउँका रूपमा देखा पर्छ । नेपाल वर्षौंदेखि त्यही खाडलमा बाँचिरहेको छ । गएको भदौमा त्यो खाडल, विशाल भ्वाङका रूपमा देखापरेको मात्र हो ।

पछाडि फर्किरहेको संसारभरको चित्रमा नेपालको अनुभव अपवाद होइन भन्ने कुरा नै यो प्रसङ्गलाई त्रासद देखाउने थप ठूलो दृश्य हो । रिपोर्टर्स विदाउट बोर्डर्सले आफ्नो २५औँ विश्व प्रेस स्वतन्त्रता सूचकाङ्क सार्वजनिक गरेको छ । विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) को अवसरमा त्यसले प्रस्तुत गरेको चित्र- खुला सूचनाका मूल्यहरूबाट संसार निर्णायक पश्चगमनतर्फ लम्किरहेको छ भन्ने नै हो । १८० देश र क्षेत्रमध्ये १०० ले यस वर्ष आफ्नो प्रेस स्वतन्त्रता स्कोरमा गिरावट देखेका छन् । नेपाल आफैं ९०औँ स्थानबाट ८७औँ स्थानमा उक्लिएको प्राविधिक सुधार भए पनि वास्तवमा समग्र स्कोर ५५.२० बाट ५४.८० मा झरेको छ । भन्नुको अर्थ अन्य देशहरू झनै तल झरे भने कुनै देश तालिकामा माथि उक्लन पनि सक्छ । यसको अर्थ प्रगति हुनु होइन ।

यो ओरालो यात्राको बेग नै हो । सबै अनुत्तीर्ण भए भने तृतीय श्रेणी हासिल गर्ने विद्यार्थी पनि सर्वोत्कृष्ट हुनसक्छ भने जस्तै हो । विश्वव्यापी रूपमा, प्रेसमाथि राजनीतिक दबाब तीव्र भइरहेको छ । अधिनायकवादी प्रवृत्तिहरू फैलिरहेका छन् । सञ्चार बजार कमजोर भइरहेको छ । र, कानुनी हतियारका रूपमा प्रयोग, आर्थिक घेराबन्दी, शारीरिक हिंसा, डिजिटल उत्पीडन जस्ता दमनका संरचना हरेक वर्ष झनै परिष्कृत र थप संयोजित र समन्वित बन्दै गइरहेका छन् ।

**भयभीत प्रेसको साँध-सिमानाभित्र**

नेपाल विश्वको जुन विशाल क्षेत्रमा अवस्थित छ, त्यहाँ यो गिरावट सबैभन्दा तीव्र छ । एसिया-प्यासिफिकमा मूल्याङ्कन गरिएका ३२ देश र क्षेत्रहरूमध्ये २१ मा प्रेस स्वतन्त्रताको अवस्था 'कठिन' वा 'अत्यन्त गम्भीर' छ । दुर्भावनापूर्ण आरोपहरू, कठोर कानुनहरू, आधारभूत रिपोर्टिङको अपराधीकरण जस्ता प्रेसविरोधी कानुनी आक्रमणहरू सरकारका रोज्जा हतियार बनेका छन् । अधिनायकवादी शासनहरूले विकसित गरेका सेन्सरशिप र प्रोपागान्डाका हतकण्डाहरू अब आफ्नो मूल सीमाभन्दा बाहिर फैलिरहेका छन् र ती राष्ट्रको सञ्चार संस्कृतिलाई दूषित पार्दैछन् । जबकि उनीहरू कुनै बेला लोकतान्त्रिक मूल्यहरूमा गर्व गर्थे । यो थप चिन्ताजनक कुरा छ ।

मिडियाले एउटा कठिन राजनीतिक वातावरणमा निरन्तर प्रतिबन्धहरूको सामना गर्दैछ । अधिकारीहरूले पत्रकारिता सामग्रीको वितरणमा नियन्त्रण मात्र होइन, दमन गर्न खोजिरहेका छन् । यो रवैया यो क्षेत्रभरि नै स्थानीय भिन्नताका साथ दोहोरिइरहेको छ । दक्षिण एसियाले पनि निराशाजनक चित्र प्रस्तुत गरिरहेको छ । यसका तीन सबैभन्दा महत्त्वपूर्ण लोकतन्त्रहरू भारत, पाकिस्तान र अब नेपाल एकैसाथ एकै दिशामा गइरहेका छन् ।

क्रमश: पृष्ठ-३.....

# स्थानीय तहका ३५ हजार २२१ उम्मेदवार छनोटको तयारीमा जुट्यो रास्वपा



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संघीय सरकार निर्माण लगत्तै स्थानीय चुनावको तयारीमा जुटेको छ । पहिलो पटक स्थानीय चुनावमा सहभागी हुन लागेको रास्वपाले अरू दलभन्दा एक कदम अगाडि बढेर तयारी थालेको हो । २०७९ वैशाखमा स्थानीय तहको चुनाव हुँदा रास्वपा दल नै गठन भएको थिएन । रास्वपाले स्थानीय तहको उपचुनावमा भने भाग लिएको थियो ।

प्रतिनिधिसभा निर्वाचनमा पहिलो दल बनेको रास्वपाले अर्को वर्ष हुने स्थानीय चुनावका लागि केन्द्रीय तहबाटै तयारी तीव्र पारेको छ । रास्वपाले ३५ हजार २२१ उम्मेदवारका लागि छनोटको विधि बनाउन सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा केन्द्रीय तहको समिति गठन गरेको छ ।

सात सदस्यीय समितिमा केन्द्रीय सदस्यहरू आरके ढुङ्गाना, समीक्षा बाँस्कोटा, केपी खनाल, कामिनी चौधरी, रामकृष्ण भट्टराई र रोहन कार्की सदस्य छन् । आरके ढुङ्गाना समितिको सदस्यसचिवको जिम्मेवारीमा छन् । स्थानीय तहमा उम्मेदवार छनोटलाई पारदर्शी, समावेशी, योग्यतामा आधारित बनाउन समिति बनाइएको रास्वपाले जानकारी दिएको छ । आचार्य नेतृत्वको 'उम्मेदवार छनोट रूपरेखा तथा क्यान्डिडेट क्लब सम्पादन समिति' ले वडा, पालिका, जिल्ला र प्रदेशमा छलफल गरेर सुझाव लिने कार्य गरिसकेको छ ।

उक्त समितिले स्थानीय तह उम्मेदवार छनोट रूपरेखाको मस्यौदा प्रतिवेदन सभापति रवि लामिछानेलाई आइतबार पेस गरेको छ । स्थानीय तह निर्वाचनमा रास्वपाबाट उम्मेदवार हुन इच्छुकले उम्मेदवार क्लब र लिडरसिप एकेडमीबाट उत्तीर्ण हुनैपर्ने मापदण्ड बनाइएको छ ।

रास्वपाबाट स्थानीय तहमा उम्मेदवार हुनका लागि अनिवार्य रूपमा पार्टी सदस्य र उम्मेदवार क्लबमा दर्ता भएको हुनुपर्छ । उम्मेदवार छनोटको रूपरेखा तयार गर्न बनेको समितिका सदस्य सचिव ढुङ्गानाका अनुसार पार्टीले केही समयपछि उम्मेदवार क्लबमा दर्ता हुन सार्वजनिक सूचना जारी गर्नेछ । 'कानुनी रूपमा योग्यता पुगेका जो सुकै व्यक्तिले उम्मेदवार हुनका लागि आवेदन दिन सक्नु हुनेछ । पार्टी सदस्य भइसकेको र भर्खरै सदस्यता लिनुभएको व्यक्तिले पनि उम्मेदवार क्लबमा नाम दर्ता गर्न सक्नु हुन्छ,' समितिका सदस्य सचिव ढुङ्गानाले भने ।

उम्मेदवारको आकांक्षा राखेर नाम दर्ता गर्नेहरूका लागि रास्वपाले प्रशिक्षण दिनेछ । राज्यका कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन सदस्यहरूलाई प्रशिक्षण तथा परीक्षण गरी नेतृत्व क्षमता विकास गर्ने उद्देश्य रास्वपाले राखेको छ । पार्टी विधान, जनप्रतिनिधिका काम, कर्तव्य, अधिकार, स्थानीय तहको सरकारले गर्नुपर्ने कार्य, कानुनी, व्यावहारिक पाटो लगायतमा पार्टीले प्रशिक्षण प्रदान गर्नेछ । उम्मेदवार हुन इच्छुकका लागि आधारभूत र विशिष्ट दुवै कक्षा पार्टीले सञ्चालन गर्ने केन्द्रीय समिति सदस्य ढुङ्गानाले जानकारी दिए । दलका नेता एवं विषय विज्ञहरूले प्रशिक्षण दिने रास्वपाले जनाएको छ । उम्मेदवार हुनका लागि उत्तीर्ण हुनैपर्ने बाध्यात्मक विधि बनाइए पनि उत्तीर्ण हुनका लागि आवश्यक प्रतिशत भने किटान गरिएको छैन ।

तोकिएको समयमा प्रशिक्षण र परीक्षणका चरण पार नगरेमा उम्मेदवार क्लबको सदस्य बन्न नपाउने विधि बनाइएको छ । उम्मेदवार छनोट हुन प्रारम्भिक निर्वाचनको मत, लिडरसिप एकेडेमीको नतिजा, पोलिटिकल प्रोक्सिमिटी र समावेशिता लगायतलाई भाराङ्क निर्धारण गरिएको छ ।

यी चार विषयमा फरक फरक भार अंक हुनेछ । पार्टीमा क्रियाशिलता, स्थानीय जनतासँगको सामिप्यता, व्यक्तिको विषयगत विज्ञता लगायतलाई प्राथमिकतामा राखेर व्यक्तिको मूल्यांकन पार्टीले गर्नेछ । 'रास्वपाले उठाउने उम्मेदवारले जित्ने सम्भावना कति छ ? कोर भोट वा स्विङ भोटको अवस्था पनि हामी हेर्छौं,' केन्द्रीय सदस्य ढुङ्गाना भन्छन्, 'जनसम्पर्क, पेसागत, शैक्षिक अनुभव, सामाजिक योगदानको मूल्यांकन गरेर उम्मेदवार छनोट गर्छौं ।'

स्थानीय तहमा कम्तीमा पनि ३३ प्रतिशत महिला उम्मेदवार बनाउने गरी रास्वपामा छलफल भएको नेताले जानकारी गराएका छन् । उम्मेदवार छनोट गर्दा दलित, अपाङ्ग, निश्चित समुदाय लगायतको हुँदा उक्त व्यक्तिले स्वत: १० प्रतिशत प्राप्त गर्ने गरी विधि बनाइएको छ ।

प्रारम्भिक निर्वाचनको भार अंक ४० प्रतिशत तोकिएको छ । प्रारम्भिक निर्वाचनमा सम्बन्धित स्थानका पार्टी सदस्यले मतदान गर्न पाउने छन् । स्थानीय तहका सबै पदका उम्मेदवार उम्मेदवार छनोट गर्दा प्रारम्भिक मतदानमा सम्बन्धित वडाका रास्वपा सदस्यले भाग लिने छन् । रास्वपाको विधानअनुसार सम्बन्धित स्थानमा कूल मतदातामा एक प्रतिशत रास्वपा सदस्य भए मात्रै प्रारम्भिक मतदानको विधि लागु हुन्छ । प्रारम्भिक मतदान हुने अवस्थाबारे रास्वपा विधानले भन्छ, 'राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचनमा सार्वजनिक गरेको सम्बन्धित क्षेत्रको कूल मतदाता संख्याको १ प्रतिशतभन्दा कम रहे निर्वाचन मण्डल गठन भएको मानिने छैन र सम्बन्धित क्षेत्रको उम्मेदवार केन्द्रीय समितिले छनोट गर्नेछ । केन्द्रीय निर्वाचन आयोगले प्रारम्भिक निर्वाचनको प्रक्रिया गर्नेछ ।'

प्रारम्भिक निर्वाचनमा सहभागी भएका उम्मेदवारभन्दा फरक उम्मेदवार बनाउनुपर्ने अवस्था आएमा विधानले विकल्प पनि दिएको छ । प्रारम्भिक निर्वाचनमा निर्वाचित र सहभागी उम्मेदवारहरूको सहमतिमा केन्द्रीय समिति वा केन्द्रीय समितिबाट अधिकार प्राप्त निकायले उम्मेदवार छनोट गर्न सक्ने विकल्प राखिएको छ ।

स्थानीय तह निर्वाचनका लागि उम्मेदवार छनोट विधि बनाउन पार्टी केन्द्रीय निर्वाचन आयोग, अनुशासन आयोग तथा विभागका पदाधिकारीसँग सुझाव संकलन गरिँदै । रास्वपाले प्रतिनिधि सभाका उम्मेदवारका लागि छनोट विधि बनाए पनि कार्यान्वय हुन सकेको थिए । उपचुनावको समयमा उम्मेदवार छनोटको विधि लागु गर्दागर्दै चुनाव नहुने परिस्थिति बनेको थियो ।

२१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनको नजिक काठमाडौं महानगरका पूर्वमेयर बालेन शाह पक्षसँग एकता हुँदा प्रारम्भिक मतदान गर्न नसकिएको रास्वपाले जनाएको थियो । विधिभन्दा बाहिर गएर उम्मेदवार छनोट नहुने केन्द्रीय सदस्य ढुङ्गाना दाबी गर्छन् । उनी भन्छन्, 'महानगरको हकमा केन्द्रीय सचिवालयलाई निर्णय लिन सक्ने १५ प्रतिशत अधिकार बाहेक अन्यमा हामीले बनाएको विधि जे हो, त्यही लागु हुन्छ ।'

रास्वपाको विधान अनुसार 'अन्य राजनीतिक पार्टी त्याग गरी आएको' व्यक्ति कुनै पनि तहको उम्मेदवार हुन नपाउने व्यवस्था छ । तर प्रतिनिधिसभा निर्वाचनमा भने रास्वपाले विधानको उक्त व्यवस्था कार्यान्वयन गरेको थिएन । निर्वाचनको मुखमा विभिन्न दलबाट रास्वपा प्रवेश गरेर उम्मेदवारको टिकट लिनेहरू उल्लेख्य थिए ।

'त्यस्तो व्यक्ति उम्मेदवार क्लबमा आउन पायो । लिडरसिप एकेडेमीका कक्षा पनि लिन पायो । भर्खर रास्वपामा आएको हो भने त्यस्तो व्यक्तिले कम अंक प्राप्त गर्ने व्यवस्था गरेको छौं,' केन्द्रीय सदस्य ढुङ्गाना भन्छन्, 'पहिले नै जनप्रतिनिधि भएका वा अरू दल छोडेर रास्वपा प्रवेश गर्ने वित्तिकै उम्मदेवार हुन खोज्नेले स्वत: अंक कम पाउँछ ।'

रास्वपाले स्थापनाकाल देखि नै स्थानीय तहका जनप्रतिनिधि गैरदलीय हुनुपर्ने वकालत गर्दै आएको छ । पालिकाको नेतृत्व गर्ने व्यक्ति राजनीतिक रूपमा प्रशिक्षित व्यक्ति हुनुपर्ने पार्टीको पछिल्लो बुझाइ रहेको उल्लेख गर्दै केन्द्रीय सदस्य ढुङ्गाना भन्छन्, 'पार्टीको सदस्य लिएर, विधान र पार्टी दर्शनलाई मानेको व्यक्ति नै उम्मेदवार बनाउनुपर्ने अवस्था छ । संविधानको कारणले पनि अहिले गैरदलीय उम्मेदवार बनाउने अवस्था छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# रैथाने उत्पादनबाटै समृद्धि सम्भव छः मुख्यमन्त्री बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले उत्पादनलाई आधुनिक प्रविधिसँग जोडेर नयाँ ढंगले रुपान्तरण गरिँदै आएको बताएका छन् ।

काठमाडौंमा आयोजित 'स्थानीय उत्पादन तथा मौलिक परिकार प्रवर्द्धन मेला २०८३' सम्बन्धी अन्तरक्रियामा मुख्यमन्त्री बानियाँले विज्ञान र प्रविधिको विकाससँगै प्राचीन सभ्यता र वातावरण संरक्षणलाई बेवास्ता गरिए दीर्घकालमा समस्या उत्पन्न हुनसक्ने चेतावनी दिए । उनले स्थानीय तहले भूमिको वैज्ञानिक वर्गीकरण गरी उत्पादन, आवास र औद्योगिक क्षेत्र छुट्याएर योजनाबद्ध विकास गर्नुपर्नेमा जोड दिए । उनका अनुसार प्रदेश र संघीय सरकारबीच समन्वय गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न सकिन्छ, जसले गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउनेछ ।

बागमती प्रदेश सरकारले रैथाने उत्पादन र मौलिक परिकार लाई प्राथमिकतामा राख्दै नीति तथा कार्यक्रम अघि बढाइरहेको उनले जानकारी दिए । उनले अब उत्पादनमा आधारित अनुदान प्रणाली लागू गर्ने तयारी भइरहेको बताउँदै विभिन्न स्थानमा रैथाने भान्साघर सञ्चालन गर्नुपर्ने धारणा राखे । यसले आन्तरिक तथा बाह्य पर्यटकलाई स्थानीय खानाको स्वादसँगै मौलिक उत्पादनबारे जानकारी दिन सहयोग पुग्ने विश्वास व्यक्त गरे । शिक्षा प्रणालीलाई उत्पादनसँग जोड्नुपर्ने आवश्यकता औंल्याउँदै उनले विद्यार्थीले पढ्दै कमाउँदै गर्ने वातावरण सिर्जना गर्नुपर्ने बताए ।

सिद्धान्तलाई व्यवहारमा रुपान्तरण गर्न नसक्नु अहिलेको प्रमुख चुनौती रहेको उल्लेख गर्दै उनले शिक्षा, उत्पादन र प्रविधिबीचको सम्बन्धलाई व्यावहारिक रुपमा लागू गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा किसान, उद्यमी, उपभोक्ता तथा सरोकारवालाको सहभागिता थियो ।

स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरणका विषयमा छलफल केन्द्रित रहेको देखिन्थ्यो । कार्यक्रमस्थलमा राखिएको पोस्टरमा किसान-बजार-प्रविधि-उपभोक्ता एकै ठाउँमा भन्ने सन्देशसहित स्थानीय उत्पादनलाई एकीकृतरुपमा अगाडि बढाउने लक्ष्य स्पष्ट पारिएको थियो । सहभागीले रैथानेबाली, परिकार र उत्पादनको संरक्षण तथा विस्तारमा राज्यको भूमिका अझ प्रभावकारी हुनुपर्ने धारणा राखेका थिए ।

# 'रोल नं १'को टिजरलाई दर्शक प्रतिक्रिया- 'मनले हेर्नुपर्ने फिल्म'



काठमाडौं/हरेक विद्यार्थीको कथा भनिएको फिल्म 'रोल नं १'को टिजरले दर्शकलाई आकर्षित गर्न सफल भएको छ । बिहीबार सार्वजनिक भएको टिजरले युट्युबमा पाएको भ्यूज र दर्शकीय प्रतिक्रिया लोभलाग्दो देखिन्छ । यो समाचार तयार पार्दासम्म टिजरलाई ७ लाखभन्दा बढीले हेरिसकेका छन् भने प्रतिक्रियामा बहुसंख्यकले कथावस्तु र कलाकारहरूको अभिनयको तारिफ गरेका छन् ।

टिजर हेरेपछि कतिपयले फिल्मलाई अर्को 'ब्लकबस्टर'को संज्ञा दिँदै हलमा फिल्म हेर्न आतुर रहेको बताएका छन् । केही युट्युब प्रयोगकर्ताले भने सशक्त कथालाई पर्दामा प्रस्तुत गरेकोमा निर्माता तथा निर्देशकलाई धन्यवाद व्यक्त गरेका छन् । यो फिल्म आमाबुबा र शिक्षक-शिक्षिकाले आँखाले मात्र नभई मनले हेर्नुपर्ने सुझाव पनि धेरैले दिएका छन् ।

टिजर हेरेपछि आर्यन सुनार नामका युट्युब प्रयोगकर्ताले निर्माण पक्षलाई फिल्मको प्रचार व्यापक बनाउन सुझाव समेत दिएका छन्, जुन निकै अर्थपूर्ण देखिन्छ । ती प्रयोगकर्ता लेख्छन्, 'राम्रोसँग प्रचारप्रसार गऱ्यो भने यो फिल्मले धेरै राम्रो विजनेस गर्छ, नेक्स्ट 'पूर्ण बहादुरको सारङ्गी'जस्तै हुन्छ । तर, प्रचारप्रसार एकदम व्यापक गर्नुपर्छ । फिल्मको कहानीमा दम छ ।'

टिजरकै आधारमा दर्शकले फिल्मको कथावस्तु र सम्भावित व्यापारबारे अनुमान तथा विश्लेषण गर्नु सकारात्मक पक्ष हो । यसले टिजरले दर्शकमा गहिरो प्रभाव पारेको प्रस्ट संकेत गर्छ । टिजर प्रतिको प्रतिक्रियाले निर्मातालाई ट्रेलर थप सशक्त ल्याउनुपर्ने दबाब सिर्जना गरेको छ भने फिल्मले दर्शकको अपेक्षा पूरा गर्नुपर्ने चुनौती पनि थपिएको छ ।

जोन योञ्जनको निर्देशनमा बनेको यस फिल्ममा मुकुन भुसाल, सुशांक मैनाली, रेणु योगी, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिन्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठ लगायतका कलाकारहरूको अभिनय रहेको छ । महेश दवाडीको लेखन रहेको फिल्मलाई विनोद पौडेल र जान्वी पौडेलले निर्माण गरेका हुन् । यो फिल्म आगामी जेठ १५ गतेबाट प्रदर्शनमा आउँदैछ ।

# सेन्सर बोर्डका तीन सदस्यको नियुक्ति खारेज

काठमाडौं/शनिबार राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको सिफारिसमा 'सार्वजनिक पदाधिकारी हरूको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३' जारी गरेका छन् । योसँगै १२ चैत २०८२ भन्दा अगाडि राजनीतिक पहुँचका आधारमा नियुक्ति पाएका र बहालमा रहेका विभिन्न निकायका १२ सयभन्दा बढी पदाधिकारी एकैचोटी पदमुक्त भएका छन् ।

उक्त अध्यादेशले नेपाली फिल्म क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने दुई निकाय चलचित्र विकास बोर्ड र चलचित्र जाँच समितिमा पनि कम्पन सिर्जना गरेको छ । अध्यादेश जारी भएसँगै चलचित्र (निर्माण, प्रदर्शन र वितरण) ऐन २०२६ को दफा ७ बमोजिम चलचित्र जाँच समितिका तीन सदस्यहरू पदमुक्त भएका छन् । यस समितिका अध्यक्ष भने सञ्चार मन्त्रालयका प्रवक्ता हुने प्रावधान छ ।

चलचित्र जाँच समितिका सदस्यहरूलाई पदमुक्त गर्न दफा नै उल्लेख गरेर ल्याइएको अध्यादेशमा चलचित्र विकास बोर्डका अध्यक्ष र सदस्यहरूको नियुक्ति खारेजबारे भने स्पष्ट उल्लेख भएको देखिँदैन । जसले गर्दा फिल्म क्षेत्रमा अन्योलको स्थिति सिर्जना भएको छ । बोर्डका अध्यक्ष र सदस्यहरू नै यतिबेला अन्योलमा देखिएका छन् ।

तर, अध्यादेशमा उल्लेख भएको व्यवस्थाले भने बोर्डका अध्यक्ष र सदस्यहरू पनि स्वत: पदमुक्त भएको देखिन्छ । अध्यादेशमा भनिएको छ, '१२ चैत २०८२ भन्दा अगाडि सार्वजनिक निकायमा पदाधिकारीहरूको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारी कार्यरत रहेको पदबाट स्वत: पदमुक्त हुनेछन् ।'

त्यस्तै, सरकारले अध्यादेशमा जुन ऐन (चलचित्र ऐन २०२६) टेकेको छ, त्यसले पनि बोर्ड अध्यक्ष र सदस्यहरूको पद स्वत: गुमेको देखिन्छ । किनकि, सोही ऐनको प्रावधान अनुसार बोर्ड गठन भएको हो । उक्त ऐनको दफा १० (१) मा चलचित्र क्षेत्रको विकास र प्रवर्द्धनको लागि सो क्षेत्रसँग सम्बन्धित व्यक्ति वा संस्थाबाट प्रतिनिधित्व हुने गरी चलचित्र विकास बोर्डको गठन गर्ने उल्लेख छ ।

# सत्ताद्वारा निर्माण गरिएको अल्गोरिदम....

प्रत्येक फरक-फरक संयन्त्रहरूद्वारा, प्रत्येक एउटै गन्तव्यको यात्रामा छन् । त्यो हो- एक भयभीत प्रेसतर्फको यात्रा ।

**प्रश्न गर्ने बहानाः चीन जस्तै अमेरिका**

रिपोर्टर्स विदाउट बोर्डर्सको सूचकाङ्कअनुसार प्रेसमाथिको दमन अन्तत: कहाँ पुग्छ भन्ने बुझ्न चीन सबैभन्दा कठोर दृष्टान्त हो । विश्व सूचकाङ्कमा तलबाट दोस्रो, १७८औं स्थानमा रहेको चीनमा संसारमा सबैभन्दा बढी पत्रकारहरू कैदमा छन् । त्यहाँ हाल १२१ भन्दा बढी सञ्चारकर्मीहरू थुनामा छन् ।

भलै चीनको संविधानले पनि प्रेस स्वतन्त्रताको ग्यारेन्टी दिन्छ । चीनलाई प्रेस स्वतन्त्रता भएको ठाउँका रूपमा नमुना देश मानिएको पनि छैन । तर, संयुक्त राज्य अमेरिकाले दशकौंदेखि आफूलाई प्रेस स्वतन्त्रताको विश्वव्यापी मानक भनेर प्रस्तुत गर्दै आएको छ । उसले अरूलाई उपदेश दिन्छ, सहायतामा सर्त राख्छ, प्रस्तावहरू लेख्छ र प्रेस स्वतन्त्रता सम्मेलनहरूमा प्रतिनिधि मण्डल पनि पठाउँछ । त्यही संयुक्त राज्य अमेरिका अहिले विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा ६४औं स्थानमा छ । र, यो एकै वर्षमा सात स्थान तल झरेको छ ।

दोस्रो पटक पदासीन भएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले सरकारी डेटा सेन्सर गरेका छन् । सार्वजनिक प्रसारकहरूलाई भत्काउने प्रयास गरेका छन् । आलोचनात्मक सञ्चारमाध्यमलाई दण्ड दिन स्वतन्त्र सरकारी एजेन्सीहरूलाई हतियार बनाएका छन् । प्रेस स्वतन्त्रता पहलहरूका लागि अन्तर्राष्ट्रिय सहायता रोकेका छन् र अप्रिय सञ्चार संस्थाहरूविरुद्ध मुद्दा दायर गरेका छन् । यूएस प्रेस फ्रिडम ट्र्याकरले सन् २०२५ मा पत्रकारहरू विरुद्ध १७० भन्दा बढी आक्रमणको रेकर्ड गऱ्यो, जुन अघिल्लो वर्षको तुलनामा झन्डै दोब्बर हो ।

अमेरिकाको मामिलाले उसको भौगोलिक सीमाभन्दा बाहिर पनि महत्त्व राख्छ । जब लोकतान्त्रिक मूल्यहरूको स्वघोषित 'संरक्षक' ले आफ्नै घरमा प्रेस स्वतन्त्रता कमजोर पार्न थाल्छ, यसले विश्वभरका पत्रकारहरूलाई सुरक्षित राख्ने नैतिक र व्यावहारिक संरचनालाई कमजोर पार्छ । वासिङ्टनमा हुने प्रत्येक पश्चगमनले विकासशील विश्वभरका सरकार हरूलाई प्रश्न गर्ने बहाना दिन्छ । उनीहरू सजिलै भन्न सक्छन्- हामीलाई उपदेश दिने तँ को होस्? यसले अधिनायकवादी प्रवृत्तिको औचित्य साबित गर्ने औजारका रूपमा काम गर्छ ।

**भारत र नेपालमा एउटै जामा**

नेपालले आफ्नो सञ्चार देखि राजनीतिक संस्कृति र व्यावसायिक सञ्जालमा जे-जे नकारात्मक अभ्यासहरू गर्छ, त्यो सबै नजिकको छिमेकी भारतलाई शिक्षाप्रद उदाहरण मानेर गर्छ । यस वर्षको प्रेस स्वतन्त्रता सूचकाङ्कमा भारत १५७औं स्थानमा छ । १.४ अर्ब जनसंख्या र ९०० निजी टेलिभिजन च्यानल भएको देशमा, सञ्चार परिदृश्य सैद्धान्तिक रूपमा बहुलवादको किल्ला हुनुपर्थ्यो । तर, भारत प्रेस स्वतन्त्रतालाई खारेज नगरीकनै सञ्चारमाध्यमहरूलाई कसरी खोक्रो पारिन्छ भन्ने पाठ्यपुस्तकीय प्रदर्शनीको उदाहरणीय स्थल बनेको छ ।

प्रक्रिया सुनियोजित छ । सञ्चारमाध्यमको स्वामित्व सरकारसँग सम्बद्ध समूहका हातमा केन्द्रित छ । मुकेश अम्बानीको रिलायन्स समूहले कम्तीमा ८० करोड भारतीयमा पहुँच राख्ने ७० भन्दा बढी सञ्चार माध्यमको स्वामित्व राख्छ । कुनै बेला आलोचनात्मक पत्रकारिताको अन्तिम गढ मानिने एनडीटीभी च्यानल प्रधानमन्त्री नरेन्द्र मोदीका निकट सहयोगी गौतम अडानीले शत्रुतापूर्ण अधिग्रहणद्वारा हात पारेका छन् ।

भारतीयहरू आफैंले भन्ने गरेको 'गोदी मिडिया' को उदयले मूलधारको अधिकांश कभरेजलाई राजनीतिक प्रदर्शनीमा रूपान्तरण गरेको छ । पपुलिजम र खुला सरकारपन्थी प्रोपागान्डाको मिश्रण गरेर चल्ने गोदी मिडिया आजको भारतको वास्तविक शक्तिका रूपमा स्थापित छ ।

दमनको कानुनी संरचना उत्तिकै पद्धतिगत छ । औपनिवेशिक युगका राजद्रोहसम्बन्धी कानुनहरू नयाँ कानुनी आवरणमा पुन: प्रयोग भएका छन् । आतङ्कवाद विरोधी कानुनहरू पत्रकारहरूविरुद्ध लागू गरिँदैछन् । एउटा अदालती आदेशले अडानी समूहको एक सहायक कम्पनीलाई कुनै पनि अनलाइन सामग्रीलाई गाली बेइज्जती गर्ने सामग्रीका रूपमा परिभाषित गरि दिन्छ र न्यायिक निरीक्षणबिना नै हटाउन मार्ग प्रशस्त गरिदिन्छ । पाँच स्वतन्त्र पत्रकार र तीन समाचार वेबसाइट निशाना बनेका छन् ।

प्रेस स्वतन्त्रता संगठनहरूले जम्मु र कश्मीरमा कार्यरत पत्रकारहरूलाई 'इन्फर्मेसन ब्ल्याक होल' को संज्ञा दिएका छन् । उनीहरू चरम निगरानीमा छन् । एक्लिएका छन् । कहिलेकाहीँ इन्टरनेटको पहुँचबाट वञ्चित हुँदाहुँदै पनि नियमित रिपोर्टिङ गरेबापत प्रहरीको प्रत्यक्ष निशानामा छन् ।

वार्षिक औसतमा दुईदेखि तीन पत्रकारहरू आफ्नो कामका कारण मारिने गरेका छन् । कथित रूपमा विश्वको सबैभन्दा ठूलो लोकतन्त्रमा प्रेस स्वतन्त्रताको अवस्था वास्तवमै सङ्कटमा छ । नेपाल, भारत होइन तर प्रेसमाथिको दमनका उपकरणहरूले राजनीतिक संस्कृतिमार्फत, व्यावसायिक अनुकरण मार्फत र समान असुविधाको सामना गर्ने सरकारहरूबीच हतकण्डाहरूको मौन आदानप्रदानमार्फत यात्रा गरिहेका छन् । यसलाई हरकुनै शासकले जवाफदेहितापूर्ण पत्रकारिताको जामा पहिऱ्याउने गरेका छन् ।

**संरचना सुदृढीकरणः असामयिक गफ**

नेपालमा असाधारण विस्तृत सञ्चार परिदृश्य छः ४ हजार ९ सयभन्दा बढी मुद्रित प्रकाशनहरू, झन्डै १२ सय रेडियो स्टेसनहरू, करिब अढाई सय टेलिभिजन च्यानल र पाँच हजार हाराहारीमा अनलाइन मिडिया । यही देशमा सरकार सबैभन्दा ठूला सञ्चारमाध्यम मालिकहरू मध्ये एक पनि छ ।

गोरखापत्र र राइजिङ नेपाल जस्ता संस्थाहरूमा प्रत्यक्ष सम्पादकीय नियन्त्रण छ । सार्वजनिक सेवा प्रसारण ऐनले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै सरकार-सम्बद्ध निकायमा गाभेको छ । राष्ट्रिय समाचार एजेन्सी सरकारको आधिकारिक समाचार एजेन्सी छँदैछ ।

यो परिदृश्यमा, बालेन सरकारले एउटा नयाँ प्रवाह थपेको छ- निजी सञ्चारमाध्यममा गइरहेको विज्ञापन राजस्व सरकारी मिडियातिर फर्काउने । यो निर्णयमार्फत सरकारले सामाजिक सञ्जालमा छाउने राजनीतिक संस्कृति र सरकार समर्थक डिजिटल भीडद्वारा आलोचकहरूको व्यवस्थित उत्पीडनलाई थप पुट दिएको छ । भदौरे विद्रोहका हिंसाहरू, न्याय नपाएका घाइते पत्रकारहरू, जलेका समाचार कक्षहरूको पृष्ठभूमिमा बनेको यो एउटा यस्तो सरकारको हो, जो प्रेस स्वतन्त्रताप्रति उदासीन मात्र छैन, बरु यसबारे एउटा हिसाबकिताबका साथ त्यसै दिशामा काम गरिरहेको छ ।

सार्वजनिक प्रश्नहरूबाट डराउने प्रत्येक सरकारका लागि मिडियालाई स्वसेन्सरशिपसम्म पुऱ्याउनु सबैभन्दा प्रिय अभ्यास हो । यसका लागि कुनै कानुन, कुनै अदालत, सेन्सरशिपको कुनै औपचारिक संयन्त्र चाहिँदैन । यसका लागि पत्रकारहरूले प्रत्येक दिन यो निष्कर्षमा पुग्न आवश्यक छ कि इमानदार रिपोर्टिङको मूल्य आफूले तिर्न तयार भएको मूल्यभन्दा बढी छ । जब साइबर उत्पीडन, आर्थिक दबाब र रबर बुलेट तथा आगजनीको स्मृति व्यावसायिक गणनाको हिस्सा बन्छन्, त्यो निष्कर्षमा पुग्न सजिलो हुन्छ । नेपालमा स्वतन्त्र पत्रकारिताको संरचनालाई अत्यावश्यक सुदृढीकरण चाहिएको छ । सरकारी प्रभावबाट साँच्चै स्वतन्त्र प्रेस काउन्सिल प्राविधिक सुन्दरता होइन, यो संरचनागत आवश्यकता हो । सरकारी स्वामित्वका सञ्चार माध्यमको सम्पादकीय स्वायत्तता व्यवहारमा ग्यारेन्टी हुनुपर्छ । अनुसन्धान पत्रकारितामा बाधा पुऱ्याउने कानुनी प्रावधानहरूको पुनरावलोकन हुनुपर्छ ।

र, आलोचनात्मक पत्रकारहरूतर्फ निर्देशित डिजिटल भीडको दबाबको संस्कृतिलाई 'लोकतन्त्रमाथिको आक्रमण'को संज्ञा दिइनुपर्छ । तर, अहिलेको राजनीतिक वातावरणमा यी सबै गफ मात्र हुन् ।

बेइजिङदेखि नयाँदिल्ली, वासिङ्टनदेखि काठमाडौंसम्म, एउटा ढाँचाले असहज स्पष्टताका साथ आफूलाई स्थापित गर्दैछ । कम्युनिस्टदेखि राष्ट्रवादी, पपुलिस्ट, लोकतान्त्रिक सबै विचार धाराका सरकारहरू एउटा साझा बुझाइमा एकत्रित भएका छन् ।

*(साभार: रातोपाट)*

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# दक्षप्राविधिक तयार गर्दै बागमती प्रदेश सरकार




साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ बागमती प्रदेश सरकारले विभिन्न क्षेत्रका प्राविधिक जनशक्ति तयार गरिरहेको छ । प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयअन्तर्गतको प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परिषद्ले विभिन्न साझेदार संस्थासँगको सहकार्यमा यसवर्ष ३ सय भन्दा बढी औद्योगिक प्रशिक्षार्थी तयार गरेको हो ।

परिषद्का कार्यकारी निर्देशक शान्ति लामाका अनुसार यसवर्ष मात्रै विभिन्न १४ शिक्षालयमा अटोमोवाइल्स, सिभिल इन्जिनियरिङ (बिल्डिङ कन्स्ट्रक्सन), होटल म्यानेजमेन्ट, इन्फर्मेसन टेक्नोलोजी, बालविकास सहजकर्ता र मेकानिकल इन्जिनियरिङ विषयमा प्रीडिप्लोमा कोर्ष (२४ महिने निशुल्क तालिम) सञ्चालन भइरहेको छ । सबै कोर्षमा एकपटकमा ४० जना भर्ना हुन्छन् । दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) र बागमती प्रदेश उद्योग परिसंघसँगको सहकार्यमा सञ्चालित तालिमका प्रशिक्षार्थीले साढे १९ महिना सम्बन्धित उद्योगमा र साढे तीन महिना शिक्षालयमा बिताउँछन् ।

'साढे १९ महिना उद्योगमा नै काम गर्न पाउँछन् र केही कमाई पनि हुन्छ,' परिषद्का कार्यकारी निर्देशक लामाले भनिन्, 'एकातिर पढाइसँगै कमाई पनि हुन्छ, पढाइ पूरा हुँदा सम्बन्धित उद्योगमा नै जागिर सुनिश्चित हुनपनि सक्छ अथवा अनुभवसहित निस्कन्छ र विदेश नै जान चाहेपनि दक्ष जनशक्तिको रुपमा तयार हुन्छ ।' इन्स्योर परियोजनाका मूल्यांकन तथा अनुगमन अधिकृत उपेन्द्रराज जोशीकाअनुसार प्रशिक्षार्थीले हाजिर भएको दिनको दैनिक १ सयका दरले भत्ता पाउँछन् । ५२ दिन छुट्टीको सुविधा छ भने ७ लाख बराबरको दुर्घटना बीमा र प्राथमिक उपचार सेवा पनि पाउँछन् । सम्बन्धित उद्योगमा अन द जब ट्रेनिङ (ओजेटी) गर्दा न्यूनतम शुल्क समेत उपलब्ध गराइन्छ ।

बागमती प्रदेश उद्योग परिसंघले प्रशिक्षार्थीका लागि कार्यस्थल (उद्योग)को सहजीकरण गर्ने काम गर्छ । परिसंघका वरिष्ठ उपाध्यक्ष दिवस न्यौपानेले स्वदेश तथा विदेशमा प्राविधिक जनशक्तिको उच्चमाग भएकाले दत्तचित्त भएर लाग्न प्रशिक्षार्थीलाई अनुरोध गरे । परिसंघका कार्यक्रम अधिकृत कान्छामान तामाङ (नविन) का अनुसार, प्रशिक्षार्थीले उच्चस्तरका होटल, रिसोर्ट लगायत विभिन्न उद्योगमा काम गरिरहेका छन् । कार्यक्रमअन्तर्गत नेपाल बनेपा बहुप्राविधिक शिक्षालयमा होटल म्यानेजमेन्ट कोर्ष गरेर हाल आगन्तुक रिसर्ट बनेपामा काम गरिरहेकी अन्जना घोरासाइनेले तालिमबाट आफू निकै लाभान्वित भएको तर्क गर्दै स्वदेशमा नै केही गर्ने जाँगर पलाएको बताइन् ।

रिसोर्टका हरेक विभागमा अनुभव लिएकी उनले बेकरीमा विशेष रुचि भएको सुनाइन् । शिक्षालय प्रमुख रोहित दाहालले सैद्धान्तिक र व्यावहारिक ज्ञानलाई समानजस्यता बनाउन सके प्राविधिक तालिमले जीवनमा ठूलो प्रभाव पार्ने तर्क गरे ।

# रोप्नुअघि नै प्रमुख बालीको न्यूनतम समर्थन मूल्य तोकिने



साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ कृषि तथा पशुपन्छी विकास मन्त्रालयले 'न्यूनतम समर्थन मूल्य र न्यूनतम खरिद मूल्य निर्धारण सम्बन्धी निर्देशिका २०८२' जारी गरेको छ ।

निर्देशिकाअनुसार अब किसानले बाली रोप्नुअघि नै धान (बर्खे र चैते), मकै, गहुँ र कोदोलगायत प्रमुख बालीको न्यूनतम समर्थन मूल्य (एमएसपी) बारे जानकारी पाउनेछन् । सरकारले किसानलाई उचित मूल्य सुनिश्चित गर्न तथा कृषि उत्पादन प्रोत्साहन गर्ने उद्देश्यले यो निर्देशिका ल्याएको हो । बिगतका दिनमा उत्पादन भएर किसानले सस्तोमा बिक्री गरिसकेपछि मात्र सरकारले न्यूनतम समर्थन मूल्य तोक्ने गरेको थियो । निर्देशिकाले बालीअनुसार मूल्य निर्धारणका लागि निश्चित कार्यतालिका तोकेको छ ।

जसअनुसार उखुका हकमा भदौ ३० गतेसम्म फिल्ड सर्वेक्षण तथा तथ्यांक संकलन गरी असोज १५ गतेसम्म विश्लेषण प्रतिवेदन तयार गरिने छ र कार्तिक ३० गतेसम्म अन्तिम सिफारिस पेस हुनेछ । त्यसैगरी गहुँका लागि साउन ३० गतेसम्म सर्वेक्षण गरी भदौ १५ गतेसम्म प्रतिवेदन तयार गर्दै असोज ३० गतेभित्र अन्तिम सिफारिस गर्ने व्यवस्था मिलाइएको छ । चैतेधान, वर्षेधान, वर्षेमकै र कोदोका लागि पनि क्रमश: मंसिरदेखि वैशाखसम्म विभिन्न चरणमा अध्ययन, विश्लेषण र सिफारिस प्रक्रिया सम्पन्न गरिने व्यवस्था गरिएको छ ।

बाली लगाउनुअघि नै समर्थन मूल्य तोक्ने यस व्यवस्थाले किसानलाई बाली छनोट गर्न सहज हुने, उत्पादन योजना बनाउन सहयोग पुग्ने तथा बजार जोखिम घट्ने अपेक्षा मन्त्रालयको छ । किसानले उचित मूल्यको सुनिश्चितता पाउने भएकाले कृषिक्षेत्रमा लगानी र उत्पादन वृद्धि हुने विश्वास मन्त्रालयले लिएको छ । कृषिउपज उत्पादन लागतमा हुने उतारचढावमा स्थिरता ल्याउने, मूल्य जोखिम न्यूनीकरण गर्ने एवं किसानलाई न्यूनतम नाफा सुनिश्चित गरी कृषिपेसामा आकर्षित गर्न यो निर्देशिका ल्याइएको मन्त्रालयले जनाएको छ ।

खाद्यअधिकार तथा खाद्यसम्प्रभुता सम्बन्धी ऐन २०७५ को दफा ४७ को उपदफा ९१० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट यो निर्देशिका जारी गरिएको हो । बिगतमा भने मन्त्रालयका अधिकारीहरु किसानको बाली भित्राउने समयसम्म निदाएर बस्ने गरेका थिए । विद्यमान ऐन परिवर्तन नभए पनि बाली लगाउनुपूर्व न्यूनतम समर्थन मूल्य तोक्न सकिने थियो । तर, सरकारले किसानलाई कुनै प्राथमिकतामा राखेको थिएन ।

# नेपालकी पहिलो महिला फुटबल रेफ्री कल्पना शर्मा सम्मानित




साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ नेपालकै पहिलो फुटबल महिला रेफ्री तथा प्रशिक्षक कल्पना शर्मालाई यसवर्षको 'श्रीचन्द्र शर्मा स्मृति सम्मान' प्रदान गरिएको छ ।

मदन भण्डारी फाउन्डेसन मकवानपुरले संस्थापक अध्यक्ष स्वर्गीय श्रीचन्द्र शर्माको स्मृतिमा हरेक वर्ष प्रदान गर्दै आएको 'श्रीचन्द्र शर्मा स्मृति सम्मान' यसवर्ष शर्मालाई प्रदान गरेको हो । हेटौंडामा शनिबार आयोजित समारोहमा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोर मणि पौडेलले शर्मालाई नगद १५ हजार ५ सय ५५ रुपैयाँ र सम्मान पत्रले सम्मान गरेका हुन् । खेलक्षेत्र मार्फत् राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याएको विशिष्ट योगदानको कदर गर्दै उनलाई सम्मान प्रदान गरिएको हो ।

साहित्य, संस्कृति, कला, खेलकुद जस्ता विविधक्षेत्रमा क्रियाशील व्यक्तित्वलाई फाउन्डेसनले हरेकवर्ष सम्मान गर्दै आएको र यसवर्ष खेलकुद क्षेत्रमा ४० वर्षदेखि योगदान दिँदै आएकी शर्मालाई सम्मानित गरिएको हो । वि.सं. २०४० को दशकबाट खेलयात्रा सुरु गरेकी शर्माले राष्ट्रिय प्रतियोगिता हुँदै अन्तर्राष्ट्रिय रेफ्रीको रुपमा नेपालको पहिचान स्थापित गरेकी छिन् । उनले दक्षिण एसियाली तथा विभिन्न अन्तर्राष्ट्रिय खेलमा रेफ्रीको भूमिका कुशलतापूर्वक निर्वाह गर्नुका साथै प्रशिक्षककारुपमा नयाँ खेलाडी उत्पादन र महिला सशक्तीकरणमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएकी छिन् ।

सम्मान कार्यक्रममा पूर्वमुख्यमन्त्री पौडेलले मकवानपुरको कम्युनिष्ट आन्दोलनमा स्वर्गीय श्रीचन्द्र शर्माको योगदानको चर्चा गरे । पौडेलले मकवानपुरको कम्युनिष्ट आन्दोलनमा स्वर्गीय शर्माले पुऱ्याएको योगदानको स्मरण गरे । यस्तै उनले फाउन्डेसनले मदन भण्डारीद्वारा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज) को मर्मलाई नयाँ पुस्तासम्म पुऱ्याउन र सामाजिक आर्थिकरुपान्तरणका लागि खेलेको भूमिको प्रशंसा गरे ।

फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले साहित्य, कला र खेलकुद जस्ता विविध क्षेत्रमा समर्पित व्यक्तित्वलाई सम्मान गर्ने परम्परा अनुसार यसपटक मकवानपुरकी गौरव शर्मालाई छनोट गरिएको जानकारी दिए ।

शर्माले दक्षिण एशियाली तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा रेफ्रीको भूमिका निर्वाह गर्दै नेपालको प्रतिष्ठा उकास्न योगदान पुऱ्याउनुका साथै महिला खेलकुदको प्रवर्द्धन र सशक्तीकरणमा सक्रिय रहँदै आएको खुलालले बताए । कार्यक्रमका वक्ताले खेलकुदको माध्यमबाट देशको प्रतिष्ठा उकास्न र महिलालाई खेलक्षेत्रमा प्रोत्साहित गर्न शर्माले पुऱ्याएको दीर्घकालीन योगदानको प्रशंसा गरेका थिए ।

# सम्पत्ति शुद्धीकरण कसुरमा रामबहादुर बम्जनले पाए सफाइ

साझाकुरा संवाददाता

हेटौंडा, २० बैशाख/ सम्पत्ति शुद्धीकरण कसुरमा लिटिल बुद्धका उपनामले परिचित रामबहादुर बम्जनले सफाइ पाएका छन् ।

जिल्ला अदालत सर्लाहीले बम्जनलाई सफाइ दिएको हो । गत ८ वैशाखमा सर्लाही जिल्ला अदालतका न्यायाधीश महेन्द्रराज काफ्लेको इजलासले उनलाई सफाइ दिएको हो । बम्जनमाथि लगाइएको अभियोग नपुग्ने भन्दै अदालतले उनलाई सफाइ दिएको हो । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले बूढानीलकण्ठ क्षेत्रबाट उनलाई पक्राउ गर्दा ठूलो मात्रामा रकम बरामद भएको थियो । त्यसपछि उनीमाथि सम्पत्ति शुद्धीकरणको कसुरमा पनि अनुसन्धान गरेर मुद्दा चलाइएको थियो । यसकासाथै बम्जनमाथि बालयौनदूराचार तथा मान्छे बेपत्ता पारेको कसुरमा पनि मुद्दा चलाइएको थियो ।

उच्चअदालत जनकपुरले बालयौनदूराचारको आरोपमा भने बम्जनलाई ६ चैत २०८१ मा सफाइ दिएको थियो । उच्चअदालत जनकपुरले सफाइ दिएको हो । त्यसपछि उनी कारागारबाट छुटेका थिए । यसअघि जिल्ला अदालत सर्लाहीले १७ असार, २०८१ मा बम्जनलाई १० वर्ष कैद र ५ लाख रुपैयाँ जरिवानाको फैसला गरेको थियो ।




## सम्पदा जोगाऔं, पहिचान बचाऔं ।


- ☞ ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं ।
- ☞ सम्पदा क्षेत्रमा फोहोर नगरौं ।
- ☞ पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुयाऔं ।
- ☞ स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं ।
- ☞ सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं ।
- ☞ पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं ।
- ☞ अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- ☞ पुराना सम्पदाहरूको मर्मत-सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं ।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)

## वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको लागि डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध ।

*डढेलोबाट वन जोगाऔं-अमूल्य वन सम्पदाको संरक्षण गरौं ।*

सुख्खा तथा हावाहुरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेलो फैलिन गई वन, वन्यजन्तु र मानविय क्षती समेत पुऱ्याउन सक्नेहुँदा डढेलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

वनमा आगो लगाउनेलाई वन ऐन नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगोलागि हुनसक्ने कार्य नगर्न नगराउनुहुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेलो लागेको देखिएमा सबै समुदाय मिलि तत्कालै डढेलो निभाऔं । डढेलो नियन्त्रणमा आउन नसके वन समूह, नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौं ।

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षतीहुनबाट बचाउनु हामि सबैको कर्तव्य हो । तसर्थ वन डढेलो नियन्त्रण कार्यमा सहयोग गर्नुहुन सम्पुर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ-संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना